जि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २६४ २०७८ साल असार २६ गते शनिबार (10 July 2021 Saturday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

"सुखी नेपाली सम्वृद्ध नेपालः लैङ्गिक हिंसा मुक्त समाज ।"
"अबको गन्तव्यः लैङ्गिक हिंसा अन्त्य ।"
"तीन तहको सरकारः लैङ्गिक हिंसा अन्त्य सबैको सरोकार ।"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मेलम्चीको पानी आउन ... ३ पृष्ठमा : सुत्केरी अस्पतालमा बन्धकः ... ३ पृष्ठमाभारतमा संक्रमणमुक्त हुनेहरुको...

# अज्ञात रोगका कारण एक महिलाको मृत्यु, आधा दर्जन बढी बिरामी

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरीमा अज्ञात रोगबाट एक जनाको मृत्यु भएको छ भने आधा दर्जन बढी व्यक्ति बिरामी परेका छन् ।

सो रोगबाट मृत्यु हुनेमा जिल्लाको महादेवा गाउँपालिका २ चकली निवासी ४० वर्षीया सितादेवी रजक रहेकी छिन् । उनको उपचारकै क्रममा बिहीबार साँझ मृत्यु भएको थियो । उनलाई बिहिवार साँझ वाकवाकी लाग्ने, पखाला, टाउको दुख्ने तथा ज्वरो आउने जस्ता समस्या देखिएपछि अस्पतालमा भर्ना गरिएको थियो ।

स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवका अनुसार उनलाई फुड प्वाइजनका कारण मृत्यु भएको हुन सक्ने बताए । यस्तै उनीसँगै लक्षण देखिएर २२ वर्षीय सन्दिप रजक, १८ वर्षीय रंजित रजक, २२ वर्षीया कंचन रजक, १९ वर्षीय राजेश रजक विरामी भएका छन् ।

यसैगरी ३० वर्षीया सोनीयादेवी रजक, १७ वर्षीय काजल मण्डल र ३० वर्षीय रन्जन मिश्रा पनि विरामी परेको निमित्त प्रमुख यादवले बताए ।

त्यस्ता लक्षण देखिएको स्थानमा स्थानीय स्वास्थ्यकर्मीहरुको टोली पठाइसकेका स्वास्थ्य प्रमुख यादवले जानकारी दिए ।

यता विरामीमध्ये तीन जनाको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ९ख्स्उपचार भइरहेको छ भने चार जनालाई थप उपचारको लागि धरान रिफर गरिएको अस्पतालका प्रमुख डा. रन्जित कुमार झाले बताए ।

# दुई पक्षबीच कुटाकुट हुँदा एकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

सप्तरीको खडक नगरपालिका ९ लालपट्टीमा बिहीबार राति दुई पक्षबीच

*बाँकी अन्तिम पृष्ठमा*

# किसानलाई थप प्रोत्साहन गर्ने उद्देश्यले प्रदेश सरकारले धानको मूल्य तोक्ने : कृषि मन्त्री साह



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

प्रदेश २ का भुमी ब्यबस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले किसानलाई थप प्रोत्साहन गर्ने उद्देश्यले सरकारले चाडै धानको मूल्य तोक्ने बताएका छन् ।

राजबिराज वडा ९ स्थित जनज्योती कृषि सहकारी संस्थाद्वारा आयोजित कृषि उपज भण्डारण गृहको उद्घाटन गर्दै उनले सो कुरा बताएका हुन ।

उक्त गृहको उद्घाटन गर्दै उनले बिचौलियाका कारण किसानले उत्पादन अनुसार धानको मूल्य पाउन नसकेकोले प्रदेश सरकारले किसानको मनोवल उच्च बनाउने उद्देश्यले मूल्य तोक्ने उल्लेख गरे ।

मन्त्री साहले यस बर्ष किसानलाई मलखादको विगतको जस्तो समस्या नभएको बताउदै किसानलाई कृषितर्फ आत्मनिर्भर बनाउन कृषि सडक बनाउने कार्यलाई अगाडी बढाएको बताए ।

किसानलाई समयमा उन्नत बीउ, बिजन र मलखाद उपलब्ध गराउन सरकारको ठोस योजना रहेकोले संघिय सरकार र स्थानिय सरकारको कृषि क्षेत्रलाई सुधार गर्ने तर्फ सोच नभएका कारण


*बाँकी तीन पृष्ठमा*




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

## सम्पादकीय

# बाढी आउनु पूर्व तयारीको परिपाटी बसालौं

हामी जहिले पनि वर्षायाम सुरुवात भएपछि मात्र बाढीबाट हुन सक्ने क्षति बारेमा सोच्न बाध्य हुन्छौं । जबकी सप्तरीमा हरेक वर्ष बाढीबाट हुने क्षतिको तथ्याङ्क हामीलाई थाहा छ । यो पनि थाहा छ, कुन कुन स्थानमा बाढी आउन सक्छ, जसबाट मानविय तथा भौतिक क्षति हुन सक्छ । यतिको जानकारी हुँदा हुँदै पनि हामी कीन बाढी आएपछि मात्र यसप्रति सचेत हुन्छौं !

अविरल वर्षासँगै जिल्लाको खाँडो, महुँली, बलान, कोशी लगायतका नदीमा आउने बाढीका कारण विभिन्न आसपासका गाउँहरु जलमग्न र भौतिक क्षति हुने गर्दछ । बाढीको यो क्रम पुरानै हो तर पनि यसबाट जोगिन सम्बन्धित निकायले समयमै उचित व्यवस्थापन गर्न नसक्दा ठूलो क्षति ब्योहर्नु परिरहेको छ । सरकारी स्तरबाट अझै बाढी प्रकोपको पूर्व तयारीका कार्य सुरु हुन सकेका छैनन् । खासगरि नदी छेउका बस्तीमा बाढी पस्ने र सर्वसाधारणको बिगघौं खेतियोग्य जग्गामा बालुवा पुरेर क्षति हुने गरेको छ । बाढीका कारण कतिपय स्थानका सर्वसाधारणहरु बिस्थापित हुने, घरबारबिहीन हुने गर्छन् ।

यति हुँदा हुँदै पनि सम्बन्धित निकाय स्थानीय, प्रदेश र संघीय सरकार मौनता साधेर बसेका हन्छन् । तसर्थ आफ्नो यो मौनतालाई उत्साहमा परिणत गर्दै सर्वसाधारणको दुःख कष्टलाई ध्यानमा राखि बाढी प्रकोपको पूर्व तयारीमा जुट्नु आजको आवश्यकता हो । अनिमात्र जनताप्रति जवाफदेहिता हुन जान्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मेलम्चीको पानी आउन तीन महीना लाग्ने

काठमाडौँ, २५ असार (रासस) ।

काठमाडौँ उपत्यकामा पुनःमेलम्चीको पानी ल्याउन कम्तीमा तीन महिना लाग्ने देखिएको छ । मेलम्ची खानेपानी विकास समितिले स्थानीय तह र सङ्घका सम्बन्धित निकायसँगको समन्वयमा असोजको अन्तिमसम्ममा पानी पुनःसुन्दरीजल ल्याउने लक्ष्य लिएर मर्मत अघि बढाइने भएको छ ।

सो आयोजनास्थलसम्म पुग्न सडक, पुललगायतका संरचनामा क्षति पुगेको छ भने निर्माणस्थलका कतिपय संरचनामा समेत क्षति पुगेको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ । अहिले सडक खुलाएर र बेलिब्रिज राखेर आयोजनास्थलसम्म पुग्न सकेमा अस्थायी बाँधबाट भए पनि पानी ल्याउने लक्ष्य लिइएको समितिका सूचना अधिकारी राजेन्द्रप्रसाद पन्तले बताउनुभयो । उहाँका अनुसार वर्षाभरमा नै प्रवेशमार्ग र पुल बनाउन सकियो भने अबका तीन महीनामा पानी सुन्दरीजल झार्न सकिनेछ ।

अझै पनि वर्षा कति लम्बिन्छ वा वर्षाले संरचनामा अझै कति क्षति गर्छ भन्ने यकिन नभएकाले कति समयमा पुनः पानी ल्याउन सकिन्छ भनी यकिन नभएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “त्यसका लागि हामीले सरोकार राख्ने निकायका प्रतिनिधिसँग छलफल गरिरहेका छौँ ।”

भदौसम्ममा हेडवर्कसम्म पुग्न सकेमा असोजमा सुरुङको लेदो सफा गर्न सकिने समितिले जनाएको छ । सुधारका काम लामो समय लागेमा पानी सुन्दरीजल आउने अवधि अझै लम्बिन सक्ने देखिएको छ । उहाँका अनुसार वर्षा भइरहँदा तत्काल खुलाइएका सडक पुनःअवरुद्ध हुने सम्भावना हुन्छ ।

पछिल्लो समय चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोले आयोजनाका बाँकी निर्माण अघि बढाइरहेको छ । आयोजनअन्तर्गतको सुरुङ, हेडवर्क र पानी प्रशोधन केन्द्रमध्ये अहिले हेडवर्क मात्रै सम्पन्न हुन बाँकी छ । ‘हेडवर्क’ निर्माणको ठेक्का नसकिएकाले कम्पनीले नै मर्मतको समेत काम गर्ने सूचना अधिकारी पन्तले बताउनुभयो । अरु संरचनामा भने सोही कम्पनीले गर्ने वा अरुले गर्ने कि भन्ने टुङ्गो लाग्न बाँकी छ ।

समितिले आयोजनाको मर्मतको कामलाई तत्काल र दीर्घकालीन काम गरी छुट्याएको छ । तत्काल गर्नुपर्ने काममा प्रवेशमार्ग निर्माण र मर्मतको काम रहेको छ । प्रवेशमार्गमा रहेका पुल र सडक निर्माण पहिले गर्नुपर्ने सूचना अधिकारी पन्तले बताउनुभयो । प्रवेशमार्गको निर्माण गरेर अम्बाथानसम्म पुग्न सकिन्छ । आयोजनस्थलसम्म पुगेपछि त्यहाँ रहेका अम्बाथान अडिट र डाइभर्सन टर्नेल खोलिने उहाँले बताउनुभयो ।

अम्बाथान अडिट र डाइभर्सन टर्नेल खोल्दासम्म मेलम्ची नदीमा पानी सफा भयो भने पुनःडाइभर्सन गनरेर पानी ल्याउन सकिने समितिले जनाएको छ । अहिले ढुङ्गा, बालुवा थुपारेर सतह डाइभर्सन टनेलको मुखभन्दामाथि पुगिसकेकाले त्यो पनि हटाउनुपर्ने सूचना अधिकारीले पन्तले बताउनुभयो । उहाँले भन्नुभयो, “आयोजनास्थलमा मर्मत गर्न अहिले रु एक अर्ब लाग्ने हामीले अनुमान गरेका छौँ ।”

अहिले पुनःमेलम्चीको पानी सुन्दरीजल झार्नका लागि सडक, पुलको निर्माण र डेडवर्कसम्म सफा गर्ने काम तत्काल गर्नुपर्ने देखिएको छ । वर्षापछि भने आगामी वर्ष आयोजनामा क्षति हुन नपाओस् भनी संरक्षणका काम गर्नुपर्ने उहाँले बताउनुभयो । आयोजना मर्मतसँगै सडक र पुल मर्मत गर्नुपर्ने भएकाले यसमा सङ्घीय सरकारअन्तर्गतकै सडक विभाग, सेना र समिति गरी तीन निकाय जोडिएका छन् ।

त्यस्तै तत्कालका लागि आयोजनास्थलसम्म पुग्न स्थानीय तहको सहयोगमा सडक खुलाउन सकिन्छ । हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिकासँगको समन्वयमा उनीहरुसँग रहेका डोजर, तार जाली प्रयोग गर्न सकिने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “तत्काल अस्थायी रुपमा सडक खुलाएर निर्माणस्थल पुगेपछि पछाडिबाट स्थायी काम अघि बढाउन सकिने देखिएको छ ।”

सडक पूरै अवरुद्ध भएर निर्माणस्थलसम्म पुग्न नसकिएकाले समितिले अहिले ड्रोनबाट नै त्यहाँ भएको क्षतिको अध्ययन गरिरहेको छ । केही दिनमा नै खानेपानी मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा भूसंरक्षण विभाग, राष्ट्रिय निकुञ्जलगायतका सरोकार राख्ने निकायका प्रतिनिधि जहाँसम्म सकिन्छ त्यहाँसम्म जाने योजना बनाइएको छ । टोलीले त्यहाँ पुगेर स्थानीयसँग छलफल र त्यहाँको क्षतिको अध्ययन गर्नेछ ।

समितिको मेलम्ची, पुलबजारस्थित कार्यालयका प्रतिनिधिसमेत अझै अम्बाथानसम्म पुग्न सकेका छैनन् । केही दिन पहिले प्राविधिकसहितको टोली पैदल हिँडेर किउलसम्म पुगेर फर्किएको थियो ।

आयोजनामा तत्काल गर्नुपर्ने मात्रै नभएर आगामी आवमा समेत आयोजनामा क्षति नपुगोस् भनी संरक्षण गर्ने कामसमेत गरी रु दुई अर्ब खर्च गर्नुपर्ने देखिएको छ । त्यसमा सडक र पुलको मर्मतसँगै आयोजनास्थलमा अपनाउनुपर्ने सावधानी तथा अध्ययनका कुरा समेटिने उहाँले बताउनुभयो ।

अहिले तत्काल बेलिब्रिज निर्माण गरेर यातायात सञ्चालन हुनेछ भने दीर्घकालीनरुपमा कङ्क्रिटको नै पुल निर्माण हुनेछ । अहिले भइरहेको पुलभन्दा उचाइ बढाएर र ठूलो पुल बनाउनुपर्ने हुन्छ । अहिले तत्काल पहिरो हटाएर सडक सञ्चालन गरिएपछि दीर्घकालीनरुपमा त्यही ठाउँबाट नै कालोपत्र सडक निर्माण गर्नुपर्ने हुन्छ । हेडवर्कको क्षतिको अध्ययन गरेर भविष्यमा यस्तो दुर्घटना नहोस् भनी सुरक्षाका कार्यक्रम गर्न सकिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “विज्ञबाट हेडवर्कमाथि के काम सकिन्छ भनी अध्ययन, अनुसन्धान हुनेछ ।”

सुरुङको निर्माण सम्पन्न भएर केही महीना पहिलेबाट मात्रै काठमाडौँ उपत्यकामा पानी ल्याउन थालिएको थियो । आयोजनाले यही असार १ गतेदेखि सुरुङको निरीक्षण थालेको थियो । सोही दिन हेडवर्क माथिबाट आएको पहिराका कारण आयोजनाको सुरुङबाहेक अरु संरचनामा क्षति पुगेको छ ।

# आइपुग्यो आठ लाख मात्रा ‘भेरोसेल’ खोप

काठमाडौँ, २५ असार (रासस) ।

कोरोना भाइरसविरुद्धको खोप ‘भेरोसेल’ नेपाल आइपुगेको छ ।

चीनबाट खरीद गरिएको खोप नेपाल वायुसेवा निगमको वाइडबडी ए ३३० जहाजमार्फत शुक्रबार बिहान ६ बजे नेपाल आइपुगेको हो । बिहीबार साँझ उक्त जहाज खोप लिनका लागि चीनतर्फ गएको थियो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रमुख विशेषज्ञ डा रोशन पोखरेलले सरकारले खरिद गरेको खोप शुक्रबार बिहान आइपुगेको जानकारी दिनुभयो । उहाँले पहिलो चरणमा शुक्रबार आठ लाख मात्रा अर्थात् १३ हजार किलो खोप आइपुगेको जानकारी दिनुभयो । सरकार र खोप कम्पनीबीच नन डिस्क्लोजर सम्झौताअनुसार कति परिमाणमा खोप नेपाल ल्याउने भन्ने कुरा खुलाइएको छैन ।

अब आगामी साउन ८ गतेसम्म तीन उडानमार्फत नियमितरुपमा खोप आउन थालेको हो । यस्तै असार ३१ गते पुनः वाइडबडी जहाज खोप लिन गएर साउन १ गते र साउन ७ गते पुनः जहाज नेपालबाट गएर साउन ८ गते खोप ल्याउने छ । उहाँले अहिले टेकुस्थित चिस्यान केन्द्रमा खोप भण्डारण गरिरहेको जानकारी दिनुभयो । मन्त्रालयले खोप लगाउने कार्यलाई विशेष प्राथमिकतामा राखेपछि यो खोप देशभरि नै पठाउने तयारी गरेको छ ।

खोप ६० वर्षमुनि उमेर समूहका मानिसलाई प्राथमिकताका आधारमा लगाउने मन्त्रालयको तयारी छ । कूल जनसङ्ख्याको दुई करोड २० लाखलाई खोप लगाउने सरकारको लक्ष्य छ । नेपालमा अहिलेसम्म २६ लाख ११ हजार ८०७ लाई पहिलो मात्रा र नौ लाख ३३ हजार ८६८ लाई दोस्रो मात्राको खोप लगाइसकिएको छ ।

# लागुऔषध गाँजा र ब्राउनसुगरसहित एकै दिन चार पक्राउ

लहान, २५ असार (रासस) ।


प्रतिबन्धित लागुऔषध ब्राउनसुगर र गाँजासहित प्रहरीले सिरहाबाट एकै दिन एक महिलासहित चार जनालाई पक्राउ गरेको छ । लागुऔषध गाँजा र स्पामो टचाब्लेटसहित प्रहरीले जिल्लाको धनगढीमाई नगरपालिका-११ नैनपुर निवासी ४५ वर्षीया नीला महतोलाई पक्राउ गरेको हो ।

गोप्य सूचनाका आधारमा गए राति खटिएको प्रहरी टोलीले घरमा खानतलासी गर्दा साढे छ किलो गाँजा र लागुऔषध ६०० स्पानो टचाबलेट बरामद भएपछि महतोलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

यस्तै गए राति नै लागुऔषध ब्राउनसुगर (खैरोहिरोइन)सहित

बाँकी तीन पृष्ठमा

# दूध व्यवसायका लागि तीन दिने तालिमको आयोजना



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।**

प्रदेश स्तरिय सहकारीका लागि आयमुलक (दुध) व्यवसायका लागि तीन दिने तालिमको आयोजना गरिएको छ ।

शुक्रवार राजविराजस्थित साह धर्मशालामा भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश २ जनकपुरधामको आयोजनामा उक्त तीन दिने तालिमको राजविराज नगरपालिका उपप्रमुख साधना झाले उदघाटन गरेका हुन् ।

सो अवसरमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत प्रदेश २ का सहकारी बिभाग प्रमुख ओमनारायण झाले सहकारीमार्फत आयमूलक तालिम अन्तर्गत दूध उत्पादन र व्यवसाय कसरी बढाउने उद्देश्यले तालिमको आयोजना गरिएको जानकारी दिए ।

उक्त अवसरमा उपप्रमुख झाले सहकारी माध्यमबाट किसानलाई दूध उत्पादन तर्फ आकर्षित गर्नुपर्नेमा जोड दिईन ।

# सुत्केरी अस्पतालमा बन्धक: श्रीमान् पैसाको खोजीमा भौँतारिँदै

धनुषा, २५ असार (रासस)।

बच्चा जन्मिएपछि आमाको न्यानो काखमा हुर्कन पाउनु उनको नैसर्गिक अधिकार हो। यहाँका एक जना महिला सुत्केरी त भइन् तर उपचार खर्च तिर्न नसक्दा जनकपुरको एक निजी अस्पतालमा चार दिनदेखि बन्धक बन्नुपरेको छ। अस्पतालमा बन्धक बन्नुपर्दा बच्चाको स्हारसुसार र सहजरुपमा आमाको न्यानो काखमा हुर्कन पाउन समस्या उत्पन्न भएको छ।

जनकपुरधामस्थित आर्या केयर अस्पतालमा धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर कुचाई टोलकी ३० वर्षीया बेगम खातुन चार दिनदेखि बन्धक बनेकी हुन्। व्यथा लागेपछि यही असार १७ गते खातुन अस्पताल भर्ना भएकी थिइन्। शल्यक्रिया गरी एक छोरा र एक छोरी जुम्ल्याहा बच्चा जन्म दिएकी खातुनलाई असार २१ गते नै अस्पतालले डिस्चार्ज गरेको थियो तर उपचार खर्चबापत रु एक लाख १० हजार बुझाउन नसक्दा उनी चार दिनदेखि बन्धक बनेकी छन्।

अस्पताल प्रशासनले उनलाई जनरल वार्डमा राखेर घर जानबाट वञ्चित गरेको छ। खातुनका ३१ वर्षीय श्रीमान् मोहम्मद समीर नदाफले आफन्त र गाउँमा अस्पताललाई तिर्नुपर्ने पैसा खोजे पनि पुरा रकम व्यवस्था गर्न सकेको छैनन्। लकडाउनका कारण देखाएर ऋण नपाउँदा उनी अस्पतालमा चार दिनदेखि घेरिएको नदाफले बताउनुभयो।

दैनिक ज्याला मजदूरी गरी जीविकोपार्जन गर्दै आएका नदाफको न आफ्नो घर छ, न त काम। उहाँले भन्नुभयो, "दैनिक ज्याला मजदूरी गरी हातमुख जोर्ने गरेको हामी, लामो समयसम्म भएको लकडाउनका कारण काम नपाएर छाक टार्न नै मुस्किल भएको बेला अस्पतालको उपचार खर्च कसरी जुटाऔं ?" उहाँले उपचार खर्च तिर्न नसक्दा आफ्ना श्रीमती र नवजात शिशु घर ल्याउनका लागि भनी चारपाँच दिनदेखि गाउँमा चारैतिर चन्दा सङ्कलन गरिरहेको बताउनुभयो।

नदाफले शुक्रबार बिहान राससको कार्यालयमा आएर उपचार खर्च जुटाई दिनका लागि गुहार माग्नुभयो। उहाँले भन्नुभयो, "सबैतिर गाउँमा डुलेर श्रीमती र नवजात शिशुलाई अस्पतालको खर्च जुटाउनका लागि चन्दा मागें, अहिले रु ५० हजार जति सङ्कलन भयो तर अझ रु ६० हजार बाँकी छ। तपाईंको सञ्चारमाध्यमबाट उपचार खर्च जुटाउनका लागि सम्पूर्ण मनकारीसँग गुहार मागेको छु।"

उता अस्पताललाई तिर्नुपर्ने बिल बढेकोबढ्यै छ। यता नदाफ भने पैसाको खोजीमा गाउँमा भौँतारिइरहनुभएको छ। "एउटा झोला र कापी लिएर हिँडेको छु", दुःख सुनाउँदै उहाँले भन्नुभयो, "कोरोनाको बेला घर नआउनुस् भन्दै कसैले चाहिँ टाढैबाट झोलामा पैसा हाल्दिनुहुन्छ। सबैको नाम र दिएको पैसा कापीमा टिपेको छु।" नदाफले बसोबास गर्ने बस्तीमा पनि प्रायः सबै गरीब नै छन् तर, सकेको सबैले सहयोग गरेका छन्। प्रतिघर रु २० देखि ५०० सम्म सहयोग प्राप्त भएको उहाँले बताउनुभयो। "यसरी कहिलेसम्म उपचार खर्च तिर्ने पैसा जम्मा हुने हो, पत्तो छैन", मलिन अनुहारमा उहाँले दुखेसो पोख्नुभयो।

शल्यक्रिया र औषधिका लागि ऋण खोजेर उहाँले करीब करीब रु ५० हजार उपचारमा रित्याइसक्नुभएको छ। उहाँले भन्नुभयो, "अब दुई रुपैयाँ पनि तिर्न सक्ने अवस्थामा छैन।" यसरी श्रीमती अस्पतालमा छन्, श्रीमान् पैसाको खोजीमा गाउँ टोलमा भौँतारिँदै छन्। समीरले कुनै मनकारी मनले उपचार खर्चका लागि सहयोग गर्न चाहे ९८१८०२६४४० मा सम्पर्क गर्न आग्रह गर्नुभयो। बच्चा र आमाको स्वास्थ्य अवस्था अहिलेसम्म ठीक छ। तर उपचार खर्च चाँडो जुटाउन नसके गाह्रो हुनसक्ने उहाँको दुःखेसो छ।

अस्पताल प्रशासनले बिरामीको आर्थिक अवस्था हेरेर केही छुट गर्न सक्ने तर सबै उपचार खर्च मिनाहा गर्न नसकिने बताएको छ। अस्पताल प्रशासनका अनुसार दुवै बच्चालाई आइसियुमा राखेर उपचार गर्नुपरेकाले खर्च बढेको हो। अस्पतालले गर्नसक्ने जति सक्दो छुट गर्नेछ।

### *लागुऔषध गाँजा ...*

प्रहरीले गोलबजार नगरपालिका-६ गुम्बाचोक निवासी राकेशकुमार लामालाई पक्राउ गरेको छ। लामाको साथबाट प्रहरीले २०० मिलिग्राम ब्राउनसुगर बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। इलाका प्रहरी कार्यालय गोलबजार सिरहाबाट खटिएको टोलीले घर नजिकैबाट लामालाई ब्राउनसुगरसहित पक्राउ गरेको प्रहरीको भनाइ छ। लामामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

त्यस्तै प्रहरी चौकी ठाडी सिरहाबाट खटिएको प्रहरी गस्ती टोलीले बिहीबार साँझ लागुऔषधसहित जिल्लाको सखुवान्नकारकट्टि गाउँपालिका-४ खयरबोना निवासी सुनिल गिरीलाई पक्राउ गरेको छ। भारतीय बजारबाट फर्किँदै गरेका बेला जाँच गर्दा गिरीको साथबाट नोरफीन १४ एम्पुल, फेनारगन १४ एम्पुल, डाइजी ल्याब १४ लागुऔषध बरामद भएको प्रहरीले जनाएको छ।

यसैगरी प्रदेश नं २ प्रदेश प्रहरी कार्यालय जनकपुरबाट खटिएको प्रहरी टोलीले गोलबजारबाट लागुऔषधसहित सप्तरीको बलानबिहुल गाउँपालिका घर भई सिरहाको धनगढीमाई नगरपालिका-१० निवासी २५ वर्षीय प्रवीण शर्मालाई पक्राउ गरेको जनाएको छ। शर्माको साथबाट १०० पिस नाइट्रोभेट ट्याब्लेट बरामद भएको प्रहरीको कथन छ।

### *किसानलाई थप ...*

कृषिमा अपेक्षित उत्पादन हुन नसकेको प्रति चिन्ता व्यक्त गरे।

प्रदेश २ सरकारको साझेदारीमा कृषि उपज भण्डारण गृहको निर्माणले सप्तरीका किसानहरुले उत्पादन गरेर भण्डारण गर्न नसक्ने अवस्थामा यस भण्डारण गृहमा आफ्नो अन्न बाली राख्न मद्दत पुग्ने उनले विश्वास व्यक्त गरे।

सो अवसरमा युवा नेता युसुफ अलीले सप्तरीमा ६३ प्रतिशत खेती योग्य जमिन रहेकोले सिचाई अभावका कारण भएका सिचाई संरचनामा पानी नआउदाँ खेती हुन नसकेको बताए। मुलुकमा ४० प्रतिशत मात्र कृषि उत्पादन हुने गरेको र ६० प्रतिशत बाहिरबाट आपुर्ति हुने गरेको उनले जानकारी दिए।

प्रदेश २ सरकार कृषि विकास निर्देशनालय नक्टाझिझ धनुषा र जनज्योती कृषि सहकारी संस्था मलेठको साझेदारीमा कुल ४८ लाख ६४ हजार १ सय ५८ रूपैया ६८ पैसाको लागतमा कृषि उपज भण्डारण गृहको निर्माण गरिएको संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले जानकारी दिए।

अध्यक्ष मण्डलले प्रदेश सरकार र संस्थाको बराबरीको लागतमा निर्माण भएको भण्डारण गृहमा घरमा भण्डारणको अभाव रहेका किसानहरुले अब उपरान्त अन्नबाली यसै गृहमा राखेर संस्थाले बिसानहरुलाई चाहेको समयमा बजार मूल्य अनुसार रकम वा अन्नबाली दिने जानकारी दिए।

उक्त कार्यक्रममा राजबिराज वडा ९ का वडा अध्यक्ष शम्भु प्रसाद यादव, संस्थाका बयोबृद्ध सदस्य एवं समाजसेवी हरेकृष्ण सिंह, पत्रकार चन्दनकुमार यादवलगायतले शुभकामना मन्तव्य दिएका थिए।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको व्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसुपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै व्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको व्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस्।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## विश्व समाचार

### भारतमा संक्रमणमुक्त हुनेहरुको संख्या ९७.१९ प्रतिशत, थप ४३ हजार संक्रमित

नयाँदिल्ली, २५ असार (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएकामध्ये ९७.१९ प्रतिशत सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिलेसम्म तीन करोड सात लाख ५२ हजार ९५० जना सङ्क्रमित भएका छन् भने दुई करोड ९८ लाख ८८ हजार २८४ जना सङ्क्रमणमुक्त भएका छन्।

त्यसैगरी कूल सङ्क्रमितमध्ये १.४९ प्रतिशत मात्रै अहिले पनि सङ्क्रमित अवस्थामा रहेको सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या चार लाख ५८ हजार ७२७ रहेको मन्त्रालयले सार्वजनिक गरेको विवरणमा उल्लेख छ। पछिल्लो एक दिनमा पनि नयाँ सङ्क्रमित हुनेभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि घट्दै गइरहेको छ।

मन्त्रालयका अनुसार भारतमा पछिल्लो एक दिनमा ४३ हजार ३९३ जना नयाँ सङ्क्रमित थपिएका छन्। सोही अवधिमा अरु ४४ हजार ४५९ जना सङ्क्रमणमुक्त भएका छन्। मन्त्रालयले पछिल्लो २४ घण्टामा थप ९११ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको शुक्रबार बिहान जानकारी दिएको छ। योसँगै भारतमा अहिलेसम्म कूल मृतकको सङ्ख्या चार लाख पाँच हजार ९३९ रहेको छ। देशव्यापी खोप अभियान सञ्चालन भइरहेको भारतमा अहिलेसम्म ३६.८९ करोड मानिसलाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ।

त्यसैगरी बिहीबारसम्म भारतमा कूल ४२ करोड ७० लाख १६ हजार ६०५ जनाको स्वाब परीक्षण गरिएको छ। ती मध्ये १७ लाख ९० हजार ७०८ जनाको स्वाब भने पछिल्लो एक दिनमा परीक्षण भएको हो।

### विश्वभर तीन अर्ब ३५ करोड ६२ लाख ४७ हजार ३२१ डोज खोप लगाइयो

बाल्टिमोर, मेरील्याण्ड, २४ असार (रासस/एएफपी)।

विश्वभर तीन अर्ब ३५ करोड ६२ लाख ४७ हजार ३२१ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्कहरु यस प्रकार रहेका छन्।

चीनमा एक अर्ब ३४ करोड २३ लाख ८१ हजार डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ३७ करोड २२ लाख ५५ हजार ७८६ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। अमेरिकामा ३३ करोड १२ लाख २ हजार ६४१ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। ब्राजिलमा दश करोड ३८ लाख २४ हजार ८५४ डोज कोरोना भाइरसविरुद्ध लगाइएको छ ।

बेलायतमा आठ करोड ४ लाख ७२ हजार ५४४ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। जर्मनी सात करोड ९७ लाख २९ हजार २५१ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ यस पोल्याण्ड छ करोड ११ लाख ३७ हजार २३९ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। फ्रान्स पाँच करोड ७९ लाख ४२ हजार ३६५ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

टर्कीमा पाँच करोड ६४ लाख १६ हजार १७३ डोज कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ। इटाली पाँच करोड ६० लाख ४७ हजार ९४८ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ।

### कारखानामा आगलागी हुँदा बङ्गलादेशमा ५२ को मृत्यु

रुपगन्ज, २५ असार (रासस/एएफपी)।

बङ्गलादेशको एउटा कारखानामा आगलागी हुँदा कम्तीमा ५२ जनाको मृत्यु भएको छ। घटनामा परी अरु ३० भन्दा बढी घाइते भएको र उनीहरुको विभिन्न अस्पतालमा उपचार भइरहेको अधिकारीहरुले जानकारी दिएका छन्। उनीहरु मध्ये केहीको अवस्था गम्भीर रहेको पनि बताइएको छ।

प्रहरीले घटनास्थलमा अरु पनि परेको हुनसक्ने भएकाले खोजी तथा उद्धार कार्य जारी नै रहेको पनि जानकारी दिएको छ। मृतकको सङ्ख्या अझै बढ्न सक्ने अनुमान पनि प्रहरीले गरेको छ। सुरक्षित नै मानिएको बङ्लादेशको औद्योगिक क्षेत्रमा रहेको उद्योगको भवनमा आगलागी भएको जनाइएको छ।

बङ्लादेशको राजधानी ढाकामा रहेको ढाका अपार्टमेन्टमा पनि यसअघि सन् २०१९ मा भएको आगलागीका कारण कम्तीमा ७० जनाको मृत्यु भएको थियो।अहिलेको घटना भने रुपगञ्जमा रहेको हाशेम फुड एण्ड बेभरेज कारखानामा भएको हो। घटनास्थल ढाका सहरभन्दा बाहिर औद्योगित क्षेत्रमा पर्दछ।

घटनाको बारेमा सूचना प्राप्त हुने वित्तिकै प्रहरी गएको र सुरुमा तीन जनाको मात्रै मृत्यु भएको पुष्टि गरेको थियो। पछी उद्धार गर्दै जाँदा यो समाचार तयार लेख्दासम्म ५२ जनाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। कतिपय व्यक्ति भने आगलागी भएपछि भवनबाट बाहिर हाम फालेको र हाम फालेका मध्ये पनि केहीको मृत्यु भएको र केही घाइते भएको पनि प्रहरीले जनाएको छ।

# महुली सामुदायिकद्वारा विष्णुपुर गाउँपालिकालाई स्वास्थ्य सामाग्रि हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।** सप्तरीको विष्णुपुर गाउँपालिकालाई महुली सामुदायिक विकास केन्द्रले कोभिड १९ को रोकथाम तथा उपचारका लागि स्वास्थ्य तथा व्यक्तिगत स्वच्छता सामाग्रिहरु शुक्रबार एक कार्यक्रमबीच प्रदान गरेको छ ।

बिएमजेड/भिसिए/डब्लुएचएचको आर्थिक सहयोग तथा संस्थाद्वारा संचालित सप्तरी जिल्लाको सामाजिक परिवर्तनका लागि खानेपानी सरसफाई तथा स्वच्छता सुशासन सवलिकरण परियोजना अन्तरगत कोभिड १९ को रोकथाम तथा उपकारका लागि गाउँपालिकाद्वारा संचालित आइसोलेश सेन्टर तथा कोभिड १९ प्रभावितहरुका लागि ती स्वास्थ्य सामाग्रिहरु प्रदान गरिएको संस्थाका निर्देशक प्रभुनारायण चौधरीले जानकारी दिएका छन् ।

आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष चौधरीले गाउँपालिकाका अध्यक्ष लिलाम्बर यादवलाई कोभिड १९ प्रभावित व्यक्तिहरु, बाढी प्रभावित परिवार तथा पूर्ण सरसफाई उन्मुख नमूना बस्तिहरुमा उपयोग गर्नका लागि सर्जिकल मास्क, फेस सिल्ड, ग्लोब्स, सेनिटाइजर, अक्सिमिटर, थर्मल गण, डस्टबिन, फिनेल, प्लास्टिक ब्याग, ट्वाइलेट ब्रस, साबुन, हेन्डवास, टुट ब्रस, पेस्ट, नेल कटर, हाइजेनिक किट्स लगायत २ लाख ५४ हजार ४ सय ९३ मुल्य बराबरको का १७ वटा स्वास्थ्य सामाग्रिहरु हस्तान्तरण गरे ।

आयोजित सामाग्रि हस्तान्तरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, राष्ट्रिय अनुसन्धानका उपनिर्देशक नरेश बहादुर साह, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ललन प्रसाद यादव लगायत आयाजित संस्थाका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

## सर्पदंशबाट बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।** सप्तरीको रुपनी गाउँपालिकामा एक बालिकाको सर्पदंशबाट मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं.२ हरिरावा टोल निवासी सन्तोष यादवकी ६ वर्षिया छोरी काजल कुमारी यादवको सर्पदंशबाट मृत्यु भएको हो ।

प्रहरीका अनुसार धारामा पानी खाने बेला सर्पले उनलाई टोकेको थियो । घर नजिकैको धारामा पनि खान जादा घरको भित्तमा रहेको दुलोबाट सर्प निस्की टोकेपछि तत्काल उपचारका लागी गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याएकोमा उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## नुहाउने क्रममा करेन्ट लागेर एक व्यक्तिको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।** सप्तरीको रुपनी गाउँपालिकामा मोटर जडित चापाकलमा नुहाउने क्रममा करेन्ट लागेर एक व्यक्तिको मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं. २ पिप्राही स्थितमा बौवालाल साहले आफ्नै घरमा पानी तान्ने चापाकलमा मोटर जडान गरी नुहाई रहेको अवस्थामा करेन्ट लागेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

करेन्ट लागेर बेहोस भएका साहलाई उपचारका लागी युनिक अस्पताल लैजादै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### दुई पक्षबीच ...

कुटाकुट हुँदा एक जनाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार वैदेशिक रोजगारमा राम्रो काम नपाएको भन्दै परिवारजन र एजेन्ट पक्षबीच कुटाकुट भएको हो ।

छोरालाई वैदेशिक रोजगारमा पठाए पनि राम्रो काम नपाएको भन्दै रकम फिर्ता गर्न माग गर्दा दुवै पक्षबीच कुटाकुट भएको थियो । सो क्रममा स्थानिय ५९ वर्षिय दाउद मियाँ टाउकोमा चोट लागेर घाइते भएका थिए ।

उपचारको लागि राजविराजस्थित छिन्नमस्ता अस्पताल ल्याइएकोमा उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी माधव प्रसाद काफ्लेले बताए ।

यता घटना बारे थप अनुसन्धान भइरहेको र घटनामा संलग्न रहेकाहरुको खोजिकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# शिक्षक महासंघद्वारा ३४ बुँदे माग राख्दै धर्ना




**दैनिक समाचारदाता**
**राजविराज, २५ असार ।** शिक्षण पेशा तथा अधिकार सम्बन्धी ३४ बुँदे माग राख्दै शुक्रबार नेपाल शिक्षक महासंघ सप्तरीले जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सप्तरीको कार्यालय राजविराजमा तीन घण्टा धर्ना दिएको छ ।

नेपाल शिक्षक महासंघ राष्ट्रिय समितिका निर्धारित कार्यक्रमको अभियान अन्तरगत शुक्रबार बिहान १० देखी १ बजेसम्म धर्ना दिएको जिल्ला आन्दोलन परिचालन समितिका संयोजक सुरेश कुमार यादवले जानकारी दिएका छन् ।

शिक्षकहरुको माँग प्रति नेपाल सरकार उदासिन रहेको भन्दै बाध्य भई आन्दोलनमा उत्रनु परेको उनको भनाई थियो । शिक्षाको समुचित विकास, शिक्षाकर्मीको पेशागत उन्नयन, हकहित र सुरक्षा, देशमा एकैखाले शिक्षा नीति, बाल शिक्षकको पेशा संरक्षण, गुणस्तरिय शिक्षा प्रणालीको प्रत्याभूती तथा पेशागत अधिकार सम्बन्धी ३४ बुँदे माग अघि सारिएको छ ।

यसैबीच संयोजक यादवले जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका प्रमुख बिजय मण्डललाई ३४ बुँदे मागसहितको पत्र बुझाएका थिए ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np